कालपृष्ठ दैनिक
KALPRISTHA DAINIK
समाचार र विचारको स्वतन्त्र संवाहक
कालपृष्ठ
वर्षः २९, अंकः८२
मंगलबार, १० कात्तिक २०८३
(Tuesday, 27 Oct. 2026)
पृष्ठः ४, मूल्यः १०।-
kalpristhanews.com
राष्ट्रिय दैनिक 'क' वर्गमा सूचीकृत

गाउँघर, कुनाकाप्चा, टोलका
विकास-निर्माण वा जनसमस्या
सम्बन्धित कुनैपनि खबर
सार्वजनिक गर्नु परेमा
हामीलाई जानकारी दिनुहोस् ।
मो.नं.: ९८५११४८३६१, ९८५८०५९५४४

इलेक्ट्रिक रिक्साले निम्त्याउँदै दुर्घटना

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक

गत असोज २७ गते बेलुका भे २ ह ४१४६ नम्बरको इलेक्ट्रिक रिक्साले ५५ वर्षका पैदल यात्री हरिबहादुर कसेरालाई ठक्कर दियो। प्रत्यक्षदर्शीका अनुसार रिक्साको ठक्करबाट टाउकोमा गम्भिर चोट लागेका कसेराको सञ्जीवनी अस्पताल नेपालगन्जमा उपचारका क्रममा मृत्यु भयो। अन्दाजी १६ वर्षका रिक्सा चालकसँग न सवारी चालक अनुमति पत्र थियो, न त रिक्साको दुर्घटना बीमा। ठक्कर दिने रिक्सा र चालकलाई बाँके प्रहरीले नियन्त्रणमा लिईसकेको छ। प्रहरीले उक्त दुर्घटनाको अहिले अनुसन्धान गरिरहेको छ।



यो त एउटा प्रतिनिधिमूलक घटना मात्रै हो। इलेक्ट्रिक रिक्साबाट बाँकेमा दिनहुँ यस्ता दुर्घटनाहरू भइरहेका छन्। अधिकांस रिक्सा चालकसँग सवारी चालक अनुमति पत्र छैन, भने रिक्साको दुर्घटना बीमा समेत गरिएको छैन। इलेक्ट्रिक रिक्सा चलाउनेमा अधिकांस निम्न वर्गका ब्यक्तिहरू छन्। ट्राफिक प्रहरी, नेपालगन्ज उपमहानगरपालिका, यातायात कार्यालयले चालक अनुमति पत्र बिना नै निर्वाध रूपमा रिक्सा चलाउन दिदाँ दुर्घटना बढिरहेका छन्। अनुमति पत्र बिना रिक्सा चलाउन दिदाँ उनीहरूमा मनपरी बढेको यहाँका सरोकारवाला बताउँछन्।

ट्राफिक प्रहरी, उपमहानगरपालिका, यातायात लगायत सरकारी निकायबाट कडाई नहुँदा इलेक्ट्रिक रिक्सा सञ्चालनमा मनपरी चलेको सरोकारवालाको बुझाई छ। 'अधिकांस रिक्सा चालकसँग लाइसेन्स नै छैन, जसले मन लाग्यो उसले रिक्सा चलाएको छ,' स्थानीय अगुवा श्रीराम सिग्देल भन्छन्, 'नेपालगन्ज उपमहानगरपालिका, ट्राफिक प्रहरी, यातायात कार्यालय कसैलाई मतलब छैन, दिनहुँ दुर्घटना भईरहेका छन्, मान्छेको अकालमा ज्यान गइरहेको छ, पीडित पक्षलाई क्षतिपुर्ति कहाँबाट दिने भन्ने अन्यौलपूर्ण स्थिती छ।' इलेक्ट्रिक रिक्सा ब्यवस्थापन र नियमन कार्य समयमा नभए झन् ठुलो बिकृती निम्तिने खतरा रहेको उनी बताउँछन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँके कोहलपुरका प्रमुख कनकबहादुर शाही भने इलेक्ट्रिक रिक्सालाई ब्यवस्थापन गर्न अत्यन्तै चुनौतीपूर्ण रहेको बताउँछन्। नेपालगन्जमा इलेक्ट्रिक रिक्सा ब्यवस्थित हुन नसकेको स्वीकार गर्दै उनले भने, 'हामीले ब्यवस्थित गर्न धेरै प्रयास गरेका छौं, सबै रिक्सावालासँग चालक अनुमति पत्र (लाइसेन्स) छैन।' रिक्सा चालकसँग लाइसेन्स नहुनु, रिक्साको बीमा नहुनुमा साक्षरताको कमी रहेको ट्राफिक प्रहरी प्रमुख शाही बताउँछन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेको तथ्यांक अनुसार आर्थिक वर्ष २०८२/०८३ मा १ सय ७९ वटा इलेक्ट्रिक रिक्सा दुर्घटनामा परेका छन्। त्यसअघि आ.व. २०८१/०८२ मा १ सय ४ र २०८०/०८१ मा १२ वटा दुर्घटना भएको तथ्यांकमा उल्लेख छ। दुई वर्षअघि नेपालगन्ज उपमहानगरपालिकाले कागजात नभएका ठुलो संख्याका रिक्साहरू नष्ट गरेको थियो।

> "इलेक्ट्रिक रिक्साबाट बाँकेमा दिनहुँ यस्ता दुर्घटनाहरू भइरहेका छन् । अधिकांस रिक्सा चालकसँग सवारी चालक अनुमति पत्र छैन, भने रिक्साको दुर्घटना बीमा समेत गरिएको छैन । इलेक्ट्रिक रिक्सा चलाउनेमा अधिकांस निम्न वर्गका ब्यक्तिहरू छन् ।

कागजात बिना वर्षौंदेखी गुडिरहेका रिक्सालाई नियन्त्रणमा लिएर उपमहानगरपाकिाले कानुन बमोजिम नष्ट गरेर केही सुधारको प्रयास थालेको थियो। तर, रिक्सा ब्यवसायी तथा मजदुरहरूबाट बिरोध भएपछि उपमहानगरपालिका कार्यालयले थप ब्यवस्थित गर्नबाट पछाडी हटेको थियो। नेपालगन्जमा कति संख्यामा रिक्सा छन्, भन्ने एकिन तथ्यांक कसैसँग छैन। नेपालगन्ज उपमहानगरपालिका कार्यालयमा करिब १ हजार ७ सयको हाराहारीमा मात्रै रिक्सा दर्ता भएका छन्। यसबाहेक १० हजार भन्दा बढी संख्यामा अबैध इलेक्ट्रिक रिक्सा गुडिरहेको बताइएको छ।

नेपालगन्ज उप-महानगरपालिकाका मेयर प्रशान्त बिष्ट इलेक्ट्रिक रिक्सा ब्यवस्थापन निकै चुनौतीपूर्ण रहेको बताउँछन्। रिक्सालाई ब्यवस्थित गर्न यातायात कार्यालयले आवश्यक सहयोग नै नगरेको उनको गुनासो छ। 'रिक्साको संख्या बढ्दै जादाँ नियमन गर्न कठिन भईरहेको छ, यातायात कार्यालयलाई आवश्यक सहयोग माग्दा सहयोग गर्दैन,' उनले भने। ट्राफिक प्रहरीले अन्य सवारी साधनलाई जस्तै गरेर इलेक्ट्रिक रिक्सालाई कारबाही गर्न नसकेको मेयर बिष्ट बताउँछन्।

'एकातिर हामीलाई पुराना रिक्सालाई ब्यवस्थापन गर्न कठिन भईरहेको छ, अर्कोतिर दिनहुँ नयाँ रिक्साको संख्या बढ्दै गएको छ, सडकमा लाईसेन्स बिना नै रिक्सा चलाईरहेका छन्, अधिकांस रिक्साको बीमा र कागजपत्र नै छैन, यातायात कार्यालयलाई दर्ता रोकिदेउ भन्दा सहयोग गर्दैन,' बिष्टले भने। उनका अनुसार करिब १० प्रतिशत रिक्सावाला सँग मात्र अनुमति पत्र रहेको छ। रिक्साबाट दिनहुँ दुर्घटना निम्तिरहँदा ठुलो समस्या खडा गरेको मेयर बिष्टले बताए।



आईडी कार्ड
मात्र
रू. १५०/-



सम्पर्क:
मो. ९८५८०४९२९०,
९८५८०५२५४४
नेपालगञ्ज-२, धम्बोझी
प्रिन्ट नेप

खजुरा क्यान्सर अस्पतालमा सुशील कोइरालाको शालिक निर्माण गरिने

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक

बाँकेको खजुरामा रहेको सुशिल कोइराला प्रखर क्यान्सर अस्पताल परिसरमा पूर्वप्रधानमन्त्री सुशील कोइरालाको शालिक तथा बाटिका निर्माण गरिने भएको छ।

बाँकेको बैजनाथ गाउँपालिकाले पूर्वप्रधानमन्त्री स्वर्गीय सुशील कोइरालाको सम्मानमा क्यान्सर अस्पताल परिसरभित्र उहाँको शालिक तथा बाटिका निर्माण गर्ने भएको हो। सो अस्पताल खजुरा गाउँपालिकामा अवस्थित छ।

चालु आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेटमार्फत शालिक तथा बाटिका निर्माण गर्न आवश्यक बजेट विनियोजन गरिएको बैजनाथ गाउँपालिकाका अध्यक्ष प्रकाशबहादुर शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार गाउँपालिकाले पूर्वाधार विकास अन्तर्गत शालिक र बाटिका निर्माणका लागि १० लाख रुपियाँ विनियोजन गरिएको छ।

"हाम्रै बाँके निवासी संविधान पिता एवम् पूर्वप्रधानमन्त्री स्वर्गिय सुशील कोइरालाको योगदान अविष्मरणीय छ, उहाँको सम्मानमा गाउँपालिकाले सुशील कोइराला प्रखर क्यान्सर अस्पताल खजुराको परिसरमा बाटिका र उहाँको शालिक निर्माणका लागि सशर्त अनुदानमा बजेट विनियोजन गरेको हो," अध्यक्ष शाहीले भन्नुभयो, "चालु आर्थिक वर्षभित्रै बजेट कार्यान्वयन हुनेछ।"

सादगी नेताका रूपमा परिचित कोइरालाले राष्ट्रका लागि पुऱ्याएको योगदान स्वरूप गाउँपालिकाले बजेट विनियोजन गरेको अध्यक्ष शाहीले बताउनुभयो।

पश्चिम नेपालका तीन प्रदेशका बिरामीलाई लक्षित गरेर खजुरामा क्यान्सर अस्पताल सञ्चालनमा आएसँगै पश्चिम क्षेत्रका नागरिकले आफ्नै ठाउँमा सहज रूपमा उपचार गराउन पाएका छन्। नेपालगन्ज उपमहानगरपालिका कार्यालयले पनि नेपालगन्ज-१० ट्राफिक चोक नजिक रहेको सुशील बाटिका परिसरमा स्वर्गीय कोइरालाको सम्मानमा अर्धकदको शालिक निर्माण गरेको छ।

मेशिन द्वारा
शिलालेख, ताम्रपत्र
लक्ष्मी मिडिया प्रिन्टर्स
वि.पी. चोक, नेपालगंज । फोन नं.: 081-535860, 537486, 9858046254, 9858023860

सुनिश्चित साइबर सुरक्षा



कुमार अभिनव

मोबाइल चलाउन जान्नु, फेसबुक प्रयोग गर्न सक्नु वा अनलाइन सेवा लिन सक्नु मात्र साइबर सुरक्षा होइन। फिसिङ कसरी चिन्ने, सामाजिक इन्जिनियरिङमार्फत कसरी मानिसलाई भुक्याइन्छ, व्यक्तिगत विवरण कसरी दुरुपयोग हुन सक्छ र डिजिटल ब्ल्याकमेलबाट कसरी जोगिने भन्ने जानकारी अति आवश्यक छ।

एक्काइसौँ शताब्दी विज्ञान, प्रविधि र नवप्रवर्तनको युग हो। विशेष गरी कृत्रिम बौद्धिकता (एआई) को तीव्र विकासले मानव जीवनका धेरै कामलाई सहज, छिटो र प्रभावकारी बनाएको छ। शिक्षा, स्वास्थ्य, बैङ्किङ, सञ्चार, प्रशासन र व्यवसायमा डिजिटल प्रविधिको प्रयोग बढिरहेको छ। नेपाल पनि डिजिटल रूपान्तरणको यात्रामा अगाडि बढिरहेको छ तर प्रविधिको प्रयोग बढेसँगै साइबर जोखिम पनि बढिरहेको छ। त्यसैले अब प्रश्न प्रविधि कति विकसित भयो भन्ने मात्र होइन, हामी त्यसलाई सुरक्षित रूपमा प्रयोग गर्न कति तयार छौँ भन्ने पनि हो।

हालै एआईको दुरूपयोगसम्बन्धी अन्तर्राष्ट्रिय घटनाले यस विषयलाई थप गम्भीर बनाएको छ। अमेरिकी एआई कम्पनी एन्थ्रोपिकका अनुसार यमनको हुथी विद्रोहीको नियन्त्रणमा रहेको क्षेत्रमा केही प्रयोगकर्ताले एआई प्रणालीमार्फत उन्नत हतियार विकाससम्बन्धी जानकारी प्राप्त गर्ने प्रयास गरेका थिए। यसले जोखिम संवेदनशील सुरक्षा क्षेत्रमा समेत पुग्न सक्ने देखाउँछ।

व्यक्तिगत विवरणको दुरूपयोग पनि उत्तिकै गम्भीर चुनौती हो। एक वरिष्ठ सरकारी कर्मचारीको नाम, इमेल र फोन नम्बर सरकारी वेबसाइटबाट प्राप्त गरी उनलाई लक्षित गरेर डिजिटल ब्ल्याकमेल गरिएको घटनाबारे विवरण सार्वजनिक भएको छ। उपलब्ध विवरण अनुसार तस्बिर, भिडियो र सन्देशको दुरूपयोग गरी धम्क्याइएको थियो, तनावमा पारिएको थियो। यी दुरूपयोगका उदाहरण हुन्।

सुरक्षा जोखिम

सरकारी वेबसाइटमा कर्मचारीको नाम, कार्यालयको इमेल, फोन नम्बर र पद सामान्य सूचना जस्तो देखिन सक्छ तर एआई तथा स्वचालित प्रणालीले विभिन्न सार्वजनिक स्रोतबाट सूचना पहिचान गर्न, सङ्कलन गर्न र विश्लेषण गर्न सहज बनाउन सक्छ। एउटा वेबसाइटबाट नाम, अर्को स्रोतबाट कार्यालयको विवरण र सामाजिक सञ्जालबाट फोटो तथा अन्य जानकारी प्राप्त हुन सक्छ। छुट्टाछुट्टै सामान्य देखिने सूचनालाई जोड्दा व्यक्तिको विस्तृत डिजिटल प्रोफाइल बन्न सक्छ। यसले प्रश्न सार्वजनिक सूचना राख्ने कि नराख्ने भन्ने मात्र होइन। सार्वजनिक गरिएको सूचनालाई कसरी प्रयोग गर्न सकिन्छ र त्यसबाट उत्पन्न हुने जोखिम कसरी कम गर्ने भन्ने पनि हो।

वेबसाइट सुरक्षाका विषयमा एक जना महाप्रबन्धक, सुरक्षा निकायका अधिकारी र वरिष्ठ पत्रकारसँग अनुभव आदानप्रदान गर्ने अवसर पाएँ। उहाँहरूसँगको संवादले प्रशासनिक पारदर्शिता र डिजिटल सुरक्षाबिचको भिन्नताबारे थप सोच्न बाध्य बनायो। मैले सरकारी वेबसाइटमा कर्मचारीको नाम, फोन नम्बर र इमेल ठेगाना सार्वजनिक गर्ने अभ्यासबारे साइबर सुरक्षाको दृष्टिले प्रश्न उठाएँ। उहाँहरूको तर्क थियो- सरकारी कर्मचारीको पहिचान र कार्यालयीय सम्पर्क विवरण सार्वजनिक हुनु स्वाभाविक हो। नागरिकले सम्बन्धित अधिकारीसँग सम्पर्क गर्न पाउनु पारदर्शी प्रशासनको महत्वपूर्ण पक्ष हो। उहाँको तर्क आफ्नो ठाउँमा उचित थियो तर मेरो प्रश्न फरक थियो। पारदर्शिता आवश्यक हुनु र सबै प्रकारका व्यक्तिगत विवरण समान रूपमा सार्वजनिक गर्नु एउटै कुरा होइन। वेबसाइटमा व्यक्तिगत फोन नम्बरभन्दा पदीय जिम्मेवारीको फोन नम्बर र इमेल पनि कार्यालयकै राख्नु उचित देखिन्छ।

मोबाइल चलाउन जान्नु, फेसबुक प्रयोग गर्न सक्नु वा अनलाइन सेवा लिन सक्नु मात्र साइबर सुरक्षा होइन। फिसिङ कसरी चिन्ने, सामाजिक इन्जिनियरिङमार्फत कसरी मानिसलाई भुक्याइन्छ, व्यक्तिगत विवरण कसरी दुरूपयोग हुन सक्छ र डिजिटल ब्ल्याकमेलबाट कसरी जोगिने भन्ने जानकारी पनि आवश्यक छ। कुनै व्यक्ति आफ्नो पेसामा अत्यन्त सक्षम हुन सक्छ तर साइबर सुरक्षासम्बन्धी ज्ञान आवश्यक पर्छ। प्रशासन, प्रहरी, पत्रकारिता, बैङ्किङ र अन्य संवेदनशील क्षेत्रमा कार्यरत व्यक्तिका लागि यस्तो ज्ञान झन् महोवपूर्ण हुन्छ।

सरकारी वेबसाइट र व्यक्तिगत विवरण

सरकारी वेबसाइटमा कर्मचारीको नाम तथा कार्यालयीय सम्पर्क विवरण राख्नु आफैंमा गलत होइन। नागरिकलाई सेवा लिन र सम्बन्धित अधिकारीसँग सम्पर्क गर्न यस्ता विवरण आवश्यक हुन सक्छन् तर कुन विवरण सार्वजनिक गर्ने, कुन विवरण सीमित राख्ने र दुरूपयोगको सम्भावना कसरी घटाउने भन्ने विषयमा स्पष्ट नीति आवश्यक छ।

संस्थाहरूले व्यक्तिगत फोन नम्बरको सट्टा आवश्यकता अनुसार कार्यालय प्रयोजनको आधिकारिक सम्पर्क नम्बर र इमेल प्रयोग गर्न सक्छन्। संवेदनशील जिम्मेवारीमा रहेका कर्मचारीको जोखिम मूल्याङ्कन गर्न सक्छन्। वेबसाइटमा अनावश्यक व्यक्तिगत जानकारी नराख्ने, सार्वजनिक विवरणको नियमित समीक्षा गर्ने र कर्मचारीलाई साइबर सुरक्षा तालिम दिने व्यवस्था गरिनु पर्छ।

कर्मचारीको नाम, व्यक्तिगत विवरण, शैक्षिक प्रमाणपत्रदेखि नागरिकका संवेदनशील सूचनासम्म वेबसाइट र डिजिटल प्रणालीमा राखिरहेका छौं। के हाम्रा डेटा साँच्चै सुरक्षित छन्? गत सातादेखि चर्चामा रहेको भनिएको पिएचपी साइबर आक्रमणसम्बन्धी जोखिमले नेपालसहित विश्वभर डिजिटल सुरक्षाबारे गम्भीर रूपमा सोच्नुपर्ने आवश्यकता देखाउँछ। यद्यपि उक्त आक्रमणको वास्तविक अवस्था, प्रकृति र प्रभावबारे आधिकारिक तथा विश्वसनीय स्रोतबाट पुष्टि गर्नु आवश्यक छ।

नेपाल डिजिटल रूपान्तरणतर्फ अगाडि बढिरहेका बेला सरकारी कार्यालय, बैङ्क, शैक्षिक संस्था र निजी क्षेत्रले आफ्ना वेबसाइट, सर्भर तथा डाटाबेसको सुरक्षा नियमित रूपमा परीक्षण गर्नु पर्छ। कर्मचारी र नागरिकका विवरण वेबसाइटमा राख्नु आफैंमा समस्या होइन तर ती विवरण कसरी सङ्कलन, भण्डारण, पहुँच नियन्त्रण र सुरक्षित गरिएका छन् भन्ने विषयमा संवेदनशील हुनु पर्छ।

सूचना सार्वजनिक हुनु र त्यसको जुनसुकै प्रयोजनका लागि दुरूपयोग गर्न मिल्नु एउटै कुरा होइन। पारदर्शिता कायम राख्दै गोपनीयता र सुरक्षा जोगाउनु नै उचित उपाय हो। डिजिटल नेपाल निर्माण गर्नु मात्र पर्याप्त छैन। नागरिकको डाटा सुरक्षित राख्नु पनि राज्य र सम्बन्धित संस्थाको महत्तवपूर्ण जिम्मेवारी हो।

एआईको बढ्दो चुनौती

एआईले नक्कली आवाज, तस्बिर र भिडियो तयार पार्न, विश्वासिलो देखिने सन्देश बनाउन तथा ठगीका प्रयासलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउन सक्छ। यसले व्यक्तिको परिचय नक्कल गरेर आर्थिक लाभ लिन वा डिजिटल ब्ल्याकमेल गर्न खोज्नेलाई नयाँ अवसर दिन सक्छ। त्यसैले कुनै व्यक्तिको आवाज सुन्दैमा वा भिडियो देख्दैमा त्यसलाई प्रमाणित सूचना मान्नु पर्याप्त हुँदैन। आर्थिक कारोबार, संवेदनशील निर्णय वा गोप्य सूचना मागिएको अवस्थामा अर्को विश्वसनीय माध्यमबाट पुष्टि गर्नु पर्छ। एआई आफैंमा समस्या होइन। यसको प्रयोग कसरी गरिन्छ भन्ने कुरा महत्वपूर्ण हो। स्वास्थ्य, शिक्षा, प्रशासन र व्यवसायमा यसले ठुलो अवसर सिर्जना गर्न सक्छ तर यसको जिम्मेवार प्रयोग सुनिश्चित गर्न सरकार, निजी क्षेत्र र प्रयोगकर्ता सबै सचेत हुनु पर्छ।

साइबर सुरक्षा कुनै एउटा आइटी विभागको मात्र जिम्मेवारी होइन। यो व्यक्ति, संस्था र राज्य सबैसँग जोडिएको विषय हो। सरकारी कर्मचारीलाई आधिकारिक इमेल, व्यक्तिगत विवरण, फिसिङ, सामाजिक इन्जिनियरिङ र डिजिटल ब्ल्याकमेलबारे नियमित तालिम दिनु पर्छ। पत्रकारलाई डिजिटल फुटप्रिन्ट र स्रोतको सुरक्षा सिकाउनु पर्छ। संस्थाहरूले सुरक्षा परीक्षण, डेटा पहुँच नियन्त्रण र साइबर घटना व्यवस्थापन योजना लागु गर्नु पर्छ।

नागरिकले बलियो र फरक पासवर्ड प्रयोग गर्ने, शङ्कास्पद लिङ्क नखोल्ने र संवेदनशील विवरण अनावश्यक रूपमा सार्वजनिक नगर्ने अभ्यास गर्नु पर्छ। कसैले ब्ल्याकमेल वा धम्कीको सामना गरेमा उपलब्ध प्रमाण सुरक्षित राखेर सम्बन्धित निकायबाट सहयोग लिनु पर्छ। पीडितलाई दोष दिने होइन, सहयोग र संरक्षण प्रदान गर्ने वातावरण बनाउनु पर्छ। डिजिटलसँगै साइबर साक्षरतालाई विद्यालय, कार्यालय र नेतृत्व तहसम्म विस्तार गर्न आवश्यक छ।

सुरक्षित डिजिटल नेपाल

डिजिटल नेपाल केवल अनलाइन सेवा, डिजिटल भुक्तानी र एआई प्रयोगको विस्तार होइन। नागरिकको व्यक्तिगत विवरण सुरक्षित हुने, संस्थाका डिजिटल प्रणाली विश्वसनीय रहने र प्रविधिको दुरूपयोगबाट मानिसलाई संरक्षण प्राप्त हुने व्यवस्था पनि डिजिटल नेपालको अभिन्न हिस्सा हो।

प्रविधि अगाडि बढिसकेको छ। एआई अगाडि बढिसकेको छ। अब हाम्रो साइबर चेतना, डेटा सुरक्षा नीति, कानुनी संरचना र संस्थागत तयारी पनि त्यही गतिमा अघि बढ्नु पर्छ। डिजिटल नेपाल बनाउनु र सुरक्षित डिजिटल नेपाल बनाउनु एउटै कुरा होइन। हामी डिजिटल नेपाल त बनाउँदै छौं। अब त्यसलाई सुरक्षित बनाउने जिम्मेवारीबाट पछि हट्न मिल्दैन। सुरक्षित डिजिटल युगतिर अगाडि बढ्न आवश्यक नीतिगत, कानुनी र व्यावहारिक तालिम तथा ज्ञान प्रसार आवश्यक देखिन्छ।

-गोरखापत्र

स्वास्थ्य

जाडोमा रुघाखोकी र सङ्क्रमणबाट बच्न रोगप्रतिरोधात्मक क्षमता बढाउने ५ पेय पदार्थ



रोगप्रतिरोधात्मक क्षमता (इम्युनिटी) भन्नाले शरीरले रोगहरूसँग कति समयसम्म लड्न सक्छ भन्ने बुझाउँछ।

यदि तपाईं बारम्बार बिरामी पर्नुहुन्छ वा बिरामी भएपछि चाँडै निको हुनुहुन्न भने त्यो शरीरको इम्युनिटी कमजोर भएको सङ्केत हो।

जाडो मौसम धेरैजसोलाई मन पर्ने भए पनि यो समयमा मानिसहरू बढी बिरामी पर्छन्। यसको प्रत्यक्ष कारण चिसो वा सिरेटो मात्र नभई यो मौसमले तयार पार्ने वातावरण हो, जसमा भाइरस र ब्याक्टेरिया तीव्र गतिमा फैलिन्छन्।

यस्तो अवस्थामा यदि इम्युनिटी कमजोर छ भने जाडोमा रुघाखोकीले बढी सताउन सक्छ। सन्तुलित खानपान नहुने व्यक्तिहरूमा यो समस्या धेरै देखिन्छ। जाडोका कारण निम्तिने यस्ता स्वास्थ्य समस्याविरुद्ध लड्न शरीरलाई सक्षम बनाउने केही घरेलु पेय पदार्थहरू यहाँ प्रस्तुत गरिएको छ :

अदुवाको चिया

जाडो मौसममा अदुवाको चिया निकै लोकप्रिय पेय हो। यसको तातोपन र सुगन्धले चिसो दिनहरूमा आरामदायी महसुस गराउँछ। अदुवामा 'जिन्जरल' नामक तत्व पाइन्छ, जसले शरीरमा हुने इन्फ्लेमेसन कम गर्न मद्दत गर्छ। यो बनाउन एक कप पानीमा अदुवाका केही टुक्रा हालेर करिब ५ मिनेट उमाल्नुपर्छ। त्यसपछि छानेर कागतीको रस वा थोरै मह मिलाई तात्तातो स्वाद लिन सकिन्छ।

बेसार र दुध

घरपरिवारमा बेसार र दुध लामो समयदेखि प्रयोग गरिँदै आएको परम्परागत पेय हो। बेसारमा 'कर्क्युमिन' नामक तत्व हुन्छ, जसमा एन्टिअक्सिडेन्ट गुण पाइन्छ। दुधबाट प्रोटिन, क्याल्सियम र भिटामिन बी१२ जस्ता पोषक तत्वहरू प्राप्त हुन्छन्।

यसले शरीरलाई न्यानो राख्नुका साथै सङ्क्रमण रोकथाममा सहयोग पुऱ्याउँछ। यो बनाउन एक कप दुध तताएर त्यसमा एक चौथाइ चम्चा बेसार मिसाउनुपर्छ। यसलाई केही मिनेट मन्द आगोमा पकाएपछि स्वादका लागि एक चिम्टी दालचिनी वा मरिचको धुलो हाल्न सकिन्छ। मनतातो छँदै यसको सेवन गर्नु उपयुक्त हुन्छ।

अमलाको जुस

अमला भिटामिन 'सी' को उत्कृष्ट स्रोत हो। यसले रोगप्रतिरोधात्मक प्रणालीको कार्यसम्पादनमा मद्दत पुऱ्याउनुका साथै शरीरमा आइरन सोस्ने प्रक्रियालाई समेत प्रभावकारी बनाउँछ।

यो बनाउन एक वा दुईवटा अमला धोएर टुक्रा पारी भित्रको दाना निकाल्नुपर्छ। त्यसपछि पानीसँग मिसाएर ब्लेन्ड गर्ने र चाहेमा छानेर थप पानी मिसाउन सकिन्छ। स्वादमा मिठास ल्याउन हल्का मह मिलाएर यसको सेवन गर्न सकिन्छ।

कागती र मह-पानी

बिहान मनतातो कागती पानी पिउनु शरीरलाई 'हाइड्रेट' राख्ने सरल उपाय हो। कागतीबाट भिटामिन 'सी' प्राप्त हुन्छ भने महले पेयमा मिठास थप्छ। एक वर्षभन्दा माथिका मानिसहरूमा महले खोकीबाट केही राहत पाउन मद्दत गर्छ। यो बनाउन एक गिलास मनतातो पानीमा कागतीको रस र आवश्यकताअनुसार एक चम्चा मह घोलेर सेवन गर्नुपर्छ।

दालचिनीको हर्बल चिया

दालचिनीको चिया आफ्नो मीठो सुगन्ध र हल्का गुलियो स्वादका लागि रुचाइन्छ। यसमा पाइने वनस्पतिजन्य तत्वहरूमा एन्टिअक्सिडेन्ट गुण हुन्छ। यो बनाउन एक कप पानीमा दालचिनीको सानो टुक्रा हालेर ५ देखि १० मिनेट उमाल्नुपर्छ। त्यसपछि छानेर पिउन सकिन्छ। स्वाद बढाउन कागती वा अदुवा पनि थप्न सकिन्छ।

अस्वीकरण : यस सामग्रीमा दिइएको औषधि तथा स्वास्थ्यसम्बन्धी जानकारी विज्ञहरूसँग गरिएको कुराकानीमा आधारित सामान्य विवरण मात्र हो, व्यक्तिगत चिकित्सकीय सल्लाह होइन। तसर्थ, कुनै पनि घरेलु उपाय प्रयोग गर्नुअघि चिकित्सकको परामर्श लिनु आवश्यक हुन्छ।

कोजाग्रत पूर्णिमामा लाग्ने कुमाख मेला हेर्नेको घुइँचो

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक



कोजाग्रत पूर्णिमामा सल्यानको २५३५ मिटर उचाइमा रहेको कुमाख लेकमा मेला भर्न भक्तजन तथा पर्यटकको घुइँचो लागेको छ।

सिद्ध बाबाको मन्दिरमा विशेष पूजाआजा, लोकनृत्य, परम्परागत भाका, रोटे पिङ र भलिबलसहितको मेलामा दुई दिनमा करिब ५० हजारले सहभागिता जनाएका छन्।

कुमाखबाट हिमशृंखला तथा रुकुम, जाजरकोट र दैलेखका केही भाग अवलोकन गर्न सकिने भएकाले यसको धार्मिक तथा पर्यटकीय आकर्षण बढ्दै गएको छ।

सिद्ध कुमाख र कुमाख गाउँपालिका बीचमा पर्ने लेकमा सिद्ध बाबाको मन्दिर छ भने मन्दिरको काखैमा सिद्ध गुफा छ। दसैंपछिको चतुर्दशी र कोजाग्रत पूर्णिमामा यो मन्दिरमा विशेष पूजाआजा र मेला लाग्ने गर्छ।

कुमाख लेकमा लाग्ने मेलाको मुख्य आकर्षण भनेको कला संस्कृति झल्काउने विभिन्न नृत्य, परम्परागत लोक भाका, रोटे पिङ, भलिबल खेल रहेको थियो। कुमाखको टुप्पोमा रहेको मन्दिरमा पूजाआजा गर्न र मेला भर्न सल्यानका मात्र नभई रुकुम, रोल्पा, बाँके, जाजरकोटलगायत जिल्लाका भक्तजन उपस्थित हुने गर्छन्।

पूजाआजा गरेर बर मागे पूरा हुन्छ भन्ने धार्मिक विश्वास रहेकाले कोजाग्रत पूर्णिमाको दिन मेला भर्ना र पूजाआजा गर्न मन्दिरमा धेरै भक्तजन आउने गरेका मन्दिरका पुजारी शेरबहादुर डाँगीले बताए। मन्दिरमा पूजा गर्न र मेला भर्ना रुकुम, जाजरकोट, रोल्पा, दाङ, नेपालगञ्ज, सुर्खेतबाट भक्तजन आउने उनले जानकारी गराए।

कुमाख लेकमा दुई दिनमा ५० हजारले मेला अवलोकन गर्नुका साथै मन्दिरमा पूजाआजा गरेका मन्दिर तथा मेला व्यवस्थापन समितिका अध्यक्ष खिम डिसीले बताए। सिद्धबाबा मन्दिर रहेको कुमाख लेकबाट रुकुम, जाजरकोट, दैलेखका केही भाग मात्र नभई हिमशृंखला अवलोकन गर्न सकिने भएपछि स्थानीय र जिल्ला बाहिरका पर्यटक बढ्दै गएका उनले जानकारी गराए।

चलचित्र 'कबड्डी–५' ले तीन दिनमा कति कमायो ?

कालपृष्ठ समाचारदाता

काठमाडौं, ९ कात्तिक



चलचित्र 'कबड्डी ५: आफ्टर द फाइनल म्याच'ले तीन दिनमा पाँच करोडको आकडा पार गरेको छ। गत शुक्रबार रिलिज भएको यो सिनेमाले तीन दिनमा पाँच करोड २४ लाख रूपैयाँ ग्रसकलेक्सन गरेको छ।

यो चलचित्रले सुरु दिनदेखि नै ठूलो संख्यामा शो पाएको छ। अधिकांश शो अग्रिम बुकिङमै हाउसफूल भइरहेका छन्।

'कबड्डी'का अघिल्ला चारवटै शृंखला बक्सअफिसमा सफल भएका थिए। 'कबड्डी-५'ले पनि अघिल्ला सिरिजहरूकै कलेक्सनलाई निरन्तरता दिएको छ।

चलचित्रमा दयाहाङ राई, विपीन कार्की, विजय बराल, बुद्धि तामाङ, रिश्मा गुरुङ, सिर्जना गुरुङ, पुस्कर गुरुङ, माओत्से गुरुङ, कमलमणि नेपाल, मिरुना मगर, कविता आले, अरूणा कार्की, शिशिर बाइदेललगायतको अभिनय छ।

रामबाबु गुरुङले निर्देशन गरेको सिनेमामा निर्देशक गुरुङसहित मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ लगानी छ।

सञ्जय लामाको छायांकन र सुरेन्द्र पौडेलको सम्पादन छ। सागर राज कार्यकारी निर्माता रहेको सिनेमामा कालीप्रसाद बास्कोटा, अधा सुर र झुमा लिम्बूको संगीत छ।

चलचित्रको कथा पनि निर्देशक रामबाबु गुरुङले नै लेखेका छन्।

वैदेशिक सहायता प्रतिबद्धता साढे तीन गुणाले घट्यो

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक

नेपालले प्राप्त गर्दै आएको वैदेशिक सहायता प्रतिबद्धता साढे तीन गुणाले घटेको छ। अर्थ मन्त्रालयको विवरणअनुसार चालु आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा प्राप्त भएको वैदेशिक सहायता प्रतिबद्धता दुई अर्ब २० करोड ३८ लाख रूपैयाँ रहेको छ।

गत आर्थिक वर्ष २०८२/८३ को सोही अवधिमा यस्तो प्रतिबद्धता आठ अर्ब ६ करोड रूपैयाँ रहेको थियो। यस अवधिमा प्राप्त कुल सहायता प्रतिबद्धता शतप्रतिशत अनुदान रहेको थियो।

चालु आर्थिक वर्षको साउन महिनामा प्राप्त वैदेशिक सहायता प्रतिबद्धतामध्ये कृषि क्षेत्रमा सबैभन्दा बढी ७० प्रतिशत, शिक्षा क्षेत्रमा १७.४ प्रतिशत र अन्य क्षेत्रमा १२.७ प्रतिशत रहेको छ।

गत आर्थिक वर्षको सोही अवधिमा ऊर्जा क्षेत्रमा सबैभन्दा बढी ८४.४ प्रतिशत प्रतिबद्धता प्राप्त भएको थियो।

चालु आर्थिक वर्षको साउन महिनामा नेपाल सरकारले वैदेशिक अनुदान २४ करोड तीन लाख रूपैयाँ प्राप्त गरेको थियो। त्यस्तै, वैदेशिक ऋण तीन अर्ब २९ करोड ८० लाख रूपैयाँ गरी कुल तीन अर्ब ५३ करोड ८३ लाख रूपैयाँ वैदेशिक सहायता (नगद) प्राप्त गरेको छ।

गत आर्थिक वर्षको सोही अवधिमा वैदेशिक अनुदान ४२ करोड १९ लाख रूपैयाँ र वैदेशिक ऋण चार अर्ब ५७ करोड ४८ लाख रूपैयाँ प्राप्त भएको थियो।

चालु आर्थिक वर्षका लागि वैदेशिक अनुदान ६१ अर्ब ७४ करोड ५४ लाख रूपैयाँ र वैदेशिक ऋण दुई खर्ब ४८ अर्ब २८ करोड रूपैयाँ परिचालन गर्ने लक्ष्य रहेको छ।

हुम्लामा चार करोडको खसीबोका व्यापार

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक



हुम्लामा चार करोड मुल्य बराबरको खसीबोकाको व्यापार भएको छ। दसैं वर्षको एक पटक आउने मुख्य चाडपर्व भएको र खसीबोकाको वलि दिनैपर्ने सामाजिक तथा धार्मिक मान्यताका कारण यसको व्यापार वृद्धि भएको हो।

बझाङको साइपालबाट चार सय खसीबोका ल्याउनुभएका व्यापारी मानबहादुर पार्कीले झण्डै एक करोडको व्यापार भएको बताउनुभयो। २५ प्रतिशत व्यापार उधारोमा गएको भएपनि दसैंमा खसीको व्यापार हालसम्मकै धेरै भएको उहाँको भनाइ छ।

सुदुरपश्चिमका लिपुलेख, दार्चुला, अपी हिमाल क्षेत्रबाट खसी ल्याएर दसैंमा बिक्री गरेको उहाँले बताउनुभयो। यसैगरी, साढे तीन सय खसी बिक्री गर्नुभएका खसी व्यापारी पाल्दन सुनारले यो वर्ष दसैंमा हालसम्मकै धेरै व्यापार भएको बताउनुभयो। २० हजारदेखि ३५ हजारसम्मका खसीहरू स्थानीयले दसैंका लागि किनेर वलि चढाउने कार्य भएको उहाँको भनाइ छ।

चीनले हिल्सा नाकाबाट च्याङ्ग्रा आयात गर्न नदिएका कारण स्थानीय खसीहरू बढी बिक्री भएको उहाँको भनाइ छ। ३४ हजारको खसी दसैंमा वलि चढाउनुभएका स्थानीय जयबहादुर शाहीले मुल्य बढेपछि खसीको व्यापार नघटेको बताउनुभयो। यो वर्ष विगतभन्दा खसीको व्यापार कम हुने अपेक्षा गरिएको भएपनि झनै बढेको बताउदै दसैंको महत्व पनि खसीको व्यापारले झल्काएको उहाँले बताउनुभयो।

हुम्ला जिल्लामा मात्र नभएर यस पटक हुम्लाका चार ट्रक खसीबोका पहिलो पटक व्यापारीले पोखरासमेत लग्नुभएको थियो। दसैंमा खसीको व्यापार वृद्धि भएको उद्योग वाणिज्य सङ्घले पनि जनाएको छ।

Maximum Retail Price List

S.N	Particular	Based	Model	Motor Peak Capacity	Country Of Origin	Unit	Per Unit Price	Maxim Retail Price(Per Unit)
1	Electric Tri Cycle (E-rickshaw)	Anshika	ANS 1	3000 W	China	50 Pic	180000/-	180000/-

Anshika Trade And Suppliers
Nepalgunj-12 Banke, Nepal
Pan no. 623114207
Mo.no. 9813064783



समाचार र विचारको स्वतन्त्र संवाहक
kalpristhanews.com

आईएसएफ फुटबल विश्वकप २०२६ मा नेपाल २९औँ स्थानमा



कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक

चीनको सुजोउमा अक्टोबर १७ देखि २६ सम्म आयोजित आईएसएफ फुटबल विश्वकप २०२६ मा नेपालको यू-१८ छात्र फुटबल टोली २९औँ स्थानमा रहँदै प्रतियोगिता सम्पन्न गरेको छ। प्रतियोगिताको सुरुवाती खेलहरूमा कठिन चुनौती सामना गरेको नेपालले अन्तिम दुई खेलमा लगातार जित निकालेको थियो।

नेपालले अक्टोबर १९, २० र २१ मा क्रमशः टर्की, हङकङ चाइना र चिलीसँग समूह चरणका खेल खेलेको थियो। पहिलो खेलमा नेपाल टर्कीसँग १२-० ले पराजित भयो। दोस्रो खेलमा हङकङ चाइनासँग ६-३ र तेस्रो खेलमा चिलीसँग ७-१ को हार व्यहोरेको थियो।

समूह चरणपछि वर्गीकरण चरणका खेलमा नेपालले अक्टोबर २२ मा आयरल्यान्डसँग र अक्टोबर २३ मा क्युबेकसँग प्रतिस्पर्धा गरेको थियो। दुवै खेलमा नेपाल क्रमशः ८-० गोलअन्तरले पराजित भयो।

अक्टोबर २४ मा भारतको दोस्रो टोलीलाई ६-३ गोलअन्तरले पराजित गर्दै नेपालले प्रतियोगितामा पहिलो जित दर्ता गऱ्यो।

भारतविरुद्धको जितमा नेपालको जर्सी नम्बर १० का स्ट्राइकर तेन्जिङ शेर्पाले उत्कृष्ट प्रदर्शन गर्दै चार गोल गरे। त्यस्तै, जर्सी नम्बर १९ का प्रशान्त मेन्याङ्बो र जर्सी नम्बर २० का क्रिस्चल थापाले एक-एक गोल थपे। तेन्जिङको प्रभावशाली प्रदर्शन नेपालका लागि जितको प्रमुख आधार बन्यो।

त्यसपछि अक्टोबर २५ मा नेपालले हाइटीलाई पेनाल्टी सुटआउटमा ५-३ ले पराजित गर्दै लगातार दोस्रो जित हासिल गऱ्यो। पेनाल्टीमा तेन्जिङ शेर्पा, भविष्य शाह, संयुग राई, इज्याक शाही र इभान रत्न तुलाधरले गोल गरे।

प्रतियोगिताको छात्रतर्फको फाइनलमा क्रोएसियाले पेनाल्टी सुटआउटमा गिनीलाई ४-० ले पराजित गर्दै उपाधि जित्यो। छात्रातर्फको फाइनलमा चीनको टोली 'चाइना १' ले जर्मनीलाई ५-१ गोलअन्तरले हराउँदै उपाधि हात पाऱ्यो।

नेपालका लागि यो प्रतियोगिता अन्तर्राष्ट्रिय स्तरमा आफ्नो प्रतिभा प्रदर्शन गर्ने, अन्य राष्ट्रका खेलाडीसँग प्रतिस्पर्धात्मक अनुभव हासिल गर्ने र आगामी प्रतियोगिताका लागि सिक्ने महत्त्वपूर्ण अवसर बनेको नेपाल विद्यालय खेलकुद महासंघ (एनएसएसएफ) का महासचिव राजकुमार कार्कीले बताए।

लुम्बिनीको सानदार सुरुआत, सुदूरपश्चिमविरुद्ध ७ विकेटको जित

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक

आशिफ शेख र डी आर्सी सर्टको अर्धशतकीय साझेदारीसँगै साबिक विजेता लुम्बिनी लायन्सले नेपाल प्रिमियर लिग (एनपीएल)को तेस्रो संस्करणमा सानदार सुरुआत गरेको छ।

सोमबार सम्पन्न खेलमा लुम्बिनीले साबिक उपविजेता सुदूरपश्चिम रोयल्सलाई ७ विकेटले पराजित गरेको हो। सुदूरपश्चिमले दिएको ८८ रनको लक्ष्य लुम्बिनीले ९.५ ओभरमा ३ विकेट गुमाएर पूरा गरेको हो।

जितसँगै लुम्बिनीले २ अंक जोडेको छ।

लुम्बिनीको जितमा सर्टले सर्वाधिक ४० रन बनाए। १८ बल खेलेका उनले ४ चौका र ३ छक्का प्रहार गरे। आशिफले भने ३२ रन बनाए। उनले २५ बलमा २ चौका र २ छक्का प्रहार गरे। अन्यले भने राम्रो प्रदर्शन गर्न सकेनन्।

सुदूरपश्चिमका अनिल खरेलले २ विकेट लिए। २ ओभर बलिङ गरेका उनले ९ रन खर्चिए। कप्तान



दीपेन्द्रसिंह ऐरीको नाममा १ विकेट रह्यो।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङ थालेको सुदूरपश्चिमले १७.२ ओभरमा सबै विकेट गुमाउँदै ८७ रन बनाएको थियो।

सुदूरपश्चिमका कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक २७ रन बनाए। उनले १६ बलमा २ चौका प्रहार गरे।

सैफ जैब १३ रनमा आउट हुँदा सुदूरका अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्।

लुम्बिनीका किशोर महतोले सर्वाधिक ४ विकेट लिए। ४ ओभर बलिङ गरेका उनले २८ रन खर्चिए।

शेर मल्लले ३ विकेट लिँदा शाङ्ली भान शाल्कविक, रोहितकुमार पौडेलले र तिलक भण्डारीले समान १ विकेट हात पारे।

नेपालगन्जमा अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियनसिप हुने

कालपृष्ठ समाचारदाता

नेपालगन्ज, ९ कात्तिक



नेपालगञ्ज स्विमिङ क्लबको आयोजनामा तेस्रो नेपालगञ्ज अन्तर्राष्ट्रिय स्विमिङ च्याम्पियनसिप हुने भएको छ।

आगामी कात्तिक १४ र १५ गते नेपालगञ्ज रंगशालामा सञ्चालन हुने प्रतियोगितामा भारतबाट ५० जना र देशभरीबाट करिब एक सय ५० जना गरी भारत र नेपालका गरी करिब २ सय जना खेलाडी सहभागी हुने आयोजकले जनाएको छ।

नेपालगञ्ज स्विमिङ क्लबका अध्यक्ष केशव न्यौपानेले पत्रकार सम्मेलन मार्फत स्विमिङ खेलको प्रवर्द्धन तथा विकास गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको बताउनुभयो। "स्विमिङ स्वास्थ्य, सुरक्षा र जीवनशैलीसँग जोडिएको महत्वपूर्ण खेल हो।" उहाँका अनुसार स्वीमिङलाई जीवन उपयोगी सीपका रूपमा विकास गर्न र खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्न प्रतियोगिता आयोजना गरिएको हो।

नेपालगञ्ज स्विमिङ क्लब लुम्बिनी प्रदेशकै पहिलो स्विमिङ क्लब भएको जानकारी दिँदै अध्यक्ष न्यौपानले नेपालगञ्जका स्विमिङ खेलप्रेमी, उद्योगी, व्यवसायी, चिकित्सक, इन्जिनियर, कानुन व्यवसायी, चार्टर्ड एकाउन्टेन्ट तथा सञ्चारकर्मीलगायत नागरिक समाजका अगुवाको पहलमा क्लब स्थापना गरिएको बतानउनुभयो। क्लबले स्थापनाकालदेखि नै नियमित रूपमा राष्ट्रियस्तरका स्विमिङ प्रतियोगिता आयोजना गर्दै आएको छ।

नेपालगञ्ज स्विमिङ क्लबका वरिष्ठ उपाध्यक्ष सूर्यमणि अधिकारीले प्रतियोगिताले स्विमिङ खेलको विकास तथा खेलाडीको क्षमता अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। उहाँले यस्ता प्रतियोगिताले बालबालिका तथा युवालाई पौडी खेलप्रति आकर्षित गर्नुका साथै उनीहरूमा आत्मविश्वास र प्रतिस्पर्धात्मक क्षमताको विकास गर्न सहयोग पुग्ने बताउनुभयो। उहाँका अनुसार नेपालगञ्जमा अन्तर्राष्ट्रियस्तरको स्विमिङ प्रतियोगिता आयोजना हुनुले यस क्षेत्रको खेलकुद विकासमा सकारात्मक सन्देश दिनेछ।

पहिलो र दोस्रो संस्करणको सफल आयोजनापछि तेस्रो संस्करण आयोजना गर्न लागिएको आयोजकले जनाएको छ। प्रतियोगितामा आठ वर्षदेखि १७ वर्षसम्मका बालबालिका तथा १७ वर्षभन्दा माथिका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। खेलाडीले फ्रि स्टाइल, ब्रेस्टस्ट्रोक, ब्याकस्ट्रोक, बटरफ्लाई, रिले तथा व्यक्तिगत मेडले विधामा प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा छ विधाका विभिन्न उमेर समूहमा गरी ८० वटा इभेन्ट सञ्चालन हुनेछन्।

प्रतियोगितालाई सफल बनाउन लुम्बिनी प्रदेश खेलकुद परिषद्, नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाले आर्थिक सहयोग गर्ने प्रतिबद्धता जनाएका छन्। त्यसैगरी नेपालगञ्ज उपमहानगरपालिकाका वडा नं ६, १२ र १८ तथा जानकी गाउँपालिका वडा नं ३, बाँके, केएल दुगड समूहले पनि सहयोग गरेका छन्।

प्रतियोगितामा सहभागी खेलाडीलाई खेल अवधिभर नेपालगञ्जका चारतारे स्तरका होटलमा निःशुल्क बसोबास तथा खानाको व्यवस्था गरिने आयोजकले जनाएको छ। प्रतियोगिता सञ्चालन गर्न करिब ३५ लाख रूपैयाँ खर्च लाग्ने अनुमान गरिएको अध्यक्ष न्यौपानेले जानकारी दिनुभयो। प्रतियोगिताका बैंकिङ साझेदारका रूपमा नबिल, सिद्धार्थ र माछापुच्छे बैंक रहेका छन्। विद्यालय साझेदारका रूपमा आदर्श, बागेश्वरी एकेडेमी, किड्स किंगडम नेपालगञ्ज र शिखा एकेडेमीलगायत विद्यालय रहेका छन्।



कालपृष्ठ दैनिकका लागि संस्थापक हेमन्त कर्माचार्य ९८५८०२१९५९, प्रकाशक/सम्पादक : कमल खत्री, कार्यालय: नेपालगन्ज-२, धम्बोझी, मो.नं.: ९८५११४८३६१, ९८५८०४१२१०, E-mail: kalpristha.news@gmail.com, kalpristha.marketing@gmail.com, मुद्रण: रंगशाला अफसेट प्रेस, नेपालगन्ज, बाँके।